# सात प्रदेश पर्याप्त

## धेरै प्रदेश नेपालले धान्दैन




**नमुना संविधान सार्वजनिक गरेर चर्चामा आएका अधिवक्ता**

**डा. विपिन अधिकारी**

**आफूले प्रस्ताव गरेको सात प्रदेश व्यावहारिकता र मध्यमार्गी दृष्टिकोणमा आधारित छ भन्छन्।**

> सात प्रादेशिक नमुना पाँच विकास क्षेत्रको अवधारणा जस्तो मुलुकको प्रशासकीय व्यवस्थापनका लागि बनाइएको होइन। यो शक्ति निक्षेपीकरणको बलियो संवैधानिक आधार भएको प्रादेशिक संरचना हो।

### प्रदेश प्रस्तावको आधार

मैले हालै प्रकाशित गरेको नेपालको नमुना संविधानमा नेपालको प्रादेशिक संरचनाको जुन खाका प्रस्तुत गरेको छु, त्यो मध्यमार्गी दृष्टिकोणमा आधारित छ। एउटा सानो मुलुक, यसका अनेकौं सामाजिक तथा आर्थिक बाध्यता, यसको भूराजनीतिक स्थिति तथा भविष्यका चुनौतीसमेतका आधारमा यो नमुनाको विकास गरेको हुँ। मुख्यत: यसको प्रारूप बेलायतले प्रयोग गर्दै आएको शक्तिको निक्षेपीकरण (डिभोल्युसन अफ पावर) को वर्तमान अनुभवमा आधारित छ।

प्रत्येक प्रदेशका जनताले नेपालको सार्वभौम संविधानअन्तर्गत जे जस्तो चाहन्छन्, ती प्रदेशलाई त्यसैबमोजिमको स्वशासन तथा स्वायत्तता यस नमुनाले प्रदान गर्छ भन्ने मेरो विश्वास छ। स्वायत्तताको प्रयोगका विभिन्न चरण यसमा प्रस्तावित छन्। भारतमा अभ्यास भइरहेको 'सहयोगात्मक संघीयता' बाट पनि यो नमुना प्रभावित छ। हुनत यसमा प्रस्तुत प्रादेशिक संरचनाका विशेषतामा अफगानिस्तान, इराकजस्ता मुलुकको नवीनतम अनुभव पनि झल्कन्छ। तर मुख्यगरी आमनेपालीको आकांक्षालाई सम्बोधन गर्ने गरी बनाइएको यो व्यावसायिक प्रकृतिको संरचना हो।

### सात प्रदेश

आधुनिक नेपालमा बसोवास गर्ने प्रत्येक जातजातिका लागि प्रदेश छुट्याउँछु भन्नु असम्भव कुरा हो। जातीयताका आधारमा केही समुदायका नाममा प्रदेश छुट्याउँदा यसले समानता तथा समान संरक्षणको संवैधानिक मान्यतालाई सधैंका लागि विक्षिप्त तुल्याउनेछ। राष्ट्रिय एकताको मर्मलाई पनि यस्तो अवधारणाले क्षति पुऱ्याउन सक्छ। त्यस्तै ६–७ वटाभन्दा बढी प्रदेशको व्यवस्थापन क्षमता हामीमा छ जस्तो लाग्दैन। त्यसैले मैले नमुना संविधानमा नेपाललाई सात प्रदेशमा विभाजन गर्ने प्रस्ताव गरेको छु। जसअनुसार प्रत्येक प्रदेशका मूल बासिन्दा छुट्याउन गाह्रो पर्दैन, तर कुनै एउटा मात्र जातजातिको परिचयका आधारमा प्रादेशिक संरचना बनाइएको छैन। प्रत्येक प्रादेशिक क्षेत्रको नाम जातजाति निरपेक्ष छ।

जस्तो सामान्यतया राई लिम्बू बसोवासको क्षेत्रलाई सगरमाथा प्रादेशिक क्षेत्र नामकरण गरिएको छ भने धेरैजसो मधेसी तथा थारू जातिको बसोवास क्षेत्रलाई पूर्वी तथा पश्चिम तराई प्रादेशिक क्षेत्रको रूपमा चित्रण गरिएको छ। प्रदेश कायम गर्दा भौगोलिक रूपमा सबै प्रादेशिक क्षेत्र लगभग बराबर क्षेत्रफलको होस् भन्ने चाहना राखिएको छ। पूर्वी र पश्चिम तराई प्रदेश भने जनसंख्याको आधारमा बाक्लो भए पनि आकारमा सानो हुन गएको छ, तर विकास तथा पूर्वाधारका दृष्टिले दुवै प्रदेशको भविष्य उज्ज्वल छ।

मोटामोटी रूपमा जातीयता, भौगोलिक आकार, जनघनत्व तथा आर्थिक विकासको वर्तमान स्थिति तथा सम्भावनालाई पनि प्रादेशिक क्षेत्रको सीमांकनको आधार बनाइएको छ। प्रादेशिक पहिचानको तीव्र चाहना राख्ने माथि उल्लिखित तीनवटै प्रादेशिक क्षेत्रका अतिरिक्त बागमती, अन्नपूर्ण, कर्णाली र महाकाली प्रदेश पनि कायम गरी सबैलाई स्वीकार्य संरचना बनाउन खोजिएको छ।

मैले प्रस्ताव गरेको मोडेलको अर्को विशेषता के हो भने पचहत्तरवटै जिल्लालाई पनि कायम राख्नु। पहाडी प्रदेशमध्ये कर्णालीबाहेक अन्यमा पहाडी समुदायको बढी जनसंख्या भएको एउटा तराईको जिल्ला पनि पर्छ। यसबाट जातजातिका आधारमा सीमांकन गर्दा हुन सक्ने सामुदायिक विवाद स्वत: पन्छिनेछ।

यस संरचनामा राष्ट्रिय (केन्द्रीय) सरकारको कुनै आफ्नो परिभाषित क्षेत्र छैन। यो काठमाडौंबाट सञ्चालित हुने तथा यसलाई आवश्यक पर्ने भौगोलिक क्षेत्र यसले केन्द्रीय संसद्द्वारा निर्मित कानुनद्वारा कुनै पनि प्रादेशिक क्षेत्रबाट चाहेबमोजिम प्राप्त गर्न सक्नेछ।

### जाति र भाषालाई सम्बोधन

स्थानीय जनताको समान अधिकार सशक्तिकरण तथा पहुँचसँग सम्बन्धित प्रत्येक पक्षलाई नमुनाले सम्बोधन गरेको छ। जाति र भाषाका सम्बन्धमा प्रदेशले नै निर्णय लिन सक्नेछन्।

मूल कुरो यो नमुनाले प्रदेशहरूलाई स्वायत्त अधिकार दिएको छ। स्वशासनका लागि आत्मनिर्णयको अधिकार सबै प्रदेशलाई प्राप्त छ। केन्द्र तथा प्रदेशको हक अधिकार प्रस्ट छुट्याइएको छ, तथा साझा विषयमा अपनाइने संवैधानिक नीति पनि उल्लेख गरिएको छ। प्रदेशका रूपमा कायम गरिए पनि तत्काल स्वायत्त हुन नचाहने प्रादेशिक क्षेत्रहरू स्वशासनसहित राष्ट्रिय सरकारअन्तर्गतका क्षेत्र मानिनेछन्। कुन सर्तमा राष्ट्रिय सरकारअन्तर्गत बस्ने भन्ने टुंगो प्रदेशका जनप्रतिनिधिले नै लगाउनेछन्। अन्य अवस्थामा पनि केन्द्रबाट प्रदेशमा शक्तिको निक्षेपीकरण क्रमश: गरिने व्यवस्था छ। विधिको शासनका पूर्वाधार निर्माण गर्दै क्रमश: शक्ति निक्षेपीकरण गर्ने विधि प्रस्ताव गरिएकाले मैले प्रस्ताव गरेको नमुनाबमोजिम गरेमा प्रादेशिक संरचना असफल हुने सम्भावना कमै हुनेछ। केन्द्रमा संसदीय व्यवस्थाको सिफारिस गरे पनि प्रदेशमा प्रदेशका क्षेत्रनायक (गभर्नर) प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुनेछन् तथा निजको प्रादेशिक सभासँगको सम्बन्ध शक्ति पृथकीकरणमा आधारित हुनेछ। उनले चाहेजस्तो नेतृत्व तथा सरकार दिनसक्ने भएकाले अहिले उठिरहेको जाति र भाषासम्बन्धी माग तथा असन्तुष्टिलाई सम्बोधन गर्न गाह्रो हुनेछैन।

### पाँच विकास क्षेत्र र प्रदेश

यो प्रादेशिक नमुना पाँच विकास क्षेत्रको अवधारणा जस्तो मुलुकको प्रशासकीय व्यवस्थापनका लागि बनाइएको होइन। यो शक्ति निक्षेपीकरणको बलियो संवैधानिक आधार भएको प्रादेशिक संरचना हो।

स्वायत्तता तथा कानुनको शासन यसको बलियो पक्ष हो। केन्द्रलाई लाचार बनाएर आफ्नो अभीष्ट पूरा गर्न यो नमुनाबाट सम्भव हुँदैन। तर स्वशासन तथा स्वायत्तताका लागि यसले समान तथा दिगो अवसरका सबै पूर्वाधार स्थानीय जनतालाई दिन्छ।

यहाँसम्म कि यस नमुनामा आइएलओ १६९ बमोजिमको शासकीय अधिकार पनि प्रदेशलाई दिइएको छ। यसले विकासको राम्रो पूर्वाधार दिनेछ।

### बहस कि क्याम्पेनिङ?

प्रदेश निर्धारणका विषयमा यहाँ बहसभन्दा पनि क्याम्पेनिङ चलिरहेको छ। संघीयता माग गर्नेहरूले राष्ट्रिय स्वाभिमान, भौगोलिक अखण्डता तथा सार्वभौम स्वार्थका विषय उठाउन सकेको देखिँदैन। जहाँ पनि भागबन्डाकै कुरा सुनिन्छ। यसतर्फ सचेत हुनुपर्छ, बहकिनु हुँदैन।

*(वार्तामा आधारित)*